# सि.न.पा.को नक्शा पास सम्बन्धि कार्यबिधि

१. तयार गरेर ल्याइएको नक्शा लाई दर्खास्त फाराम भरी नक्शा शाखामा पश गर्ने ।
२. भवन आार संहिता वमोजिम पेश  गरिएको नक्शा भ नभको चेक जांच गर्ने ।
३. जग्गा,सडक,लगायत सम्पुर्ण पक्ष आवस्यक मापदण्ड वमोजिम भए नभएको हेर्ने अमीनको राय लिने र राजस्व वाकि वक्यौता समेत चुक्ता गराउने ।
४. सम्पुर्ण मापदण्ड पुगेको अवस्थामा नक्शा दर्ता गर्ने ।
५. नक्शा दर्ता भएको ७ दिन भित्र सन्धी सर्पन सुचना जारी गर्ने र फिल्डमा गई सुचना टांस गरी मुचुल्का बनाउने ।
६. कतैबाट उजुरी नआएमा सरजमिनको पत्र १७ औं दिनमा जारी गर्ने र फिल्डमा गई सरजमिन गर्ने,नाप जांच गर्ने ।

७. नक्शा दर्ता भएको ७ दिन भित्र सन्धी सर्पन सुचना जारी गर्ने र फिल्डमा गई सुचना टांस गरी मुचुल्का बनाउने ।

८. नक्शा पास भई सकेपछि सम्बन्धित ब्यक्तिलाई अस्थायी (प्लिन्थ सम्मको) नक्शा पास गरि दिने ।

९. प्लिन्थ सम्मको निर्माण कार्य पुरा गरी सम्बन्धित ब्यक्तिले स्थायी नक्शा पाउं भनी निवेदन दिने ।

१०. स्थायी पासको लागी निवेदन प्राप्त भएपछि प्राबिधिक फिल्डमा गई निरिक्षण गर्दा स्वीकृत नक्शा वमोजिम निर्माण भएको पाईएमा स्थायी नक्शाको स्विकृति दिने ।

११. नक्शा पास सम्बन्धित ब्यक्तिले सम्बन्धित जग्गामा पास भएको घर समेत बिक्री गरेपछि उक्त घर र जग्गा खरीद गर्ने ब्यक्तिले नामसारी गर्न आएमा न.पा. ऐन २०५५ को दफा १६० को उपदफा ३ बमोजिम पहिला लागेको ब.फि.मा हालको दस्तुर ले ५०% दस्तुरी लिई घरनक्शा नामसारी गरि दिने ।

१२. घर निर्माण गर्दा झ्याल ढोकाको लागि चाहिने सालकाठको सिफारिश माग्न आएमा सम्वन्धित कार्यालयको नाउमा सिफारिश गरि दिने ।

१३.घर निर्माण सम्पन्नको निवेदन प्राप्त भएपछि प्राविधिकले निरिक्षण गर्दा सम्पुर्ण कार्य सम्पन्न भएको पाईएमा घर निर्माण सम्पन्नको प्रमाण पत्र दिने ।

# नक्शा पास कार्यविधि

सिद्धार्थनगर नगरपालिका
सिद्धार्थनगर